# प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

प्यूठान नगरपालिकाको २१ औं नगरसभामा उपस्थित नगर उप प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु, उपस्थित सम्पूर्ण नगरबासी तथा सम्पूर्ण सरोकारवाला महानुभावहरु

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल मर्म अनुरूप स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गरेको छ। संविधान प्रदत्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको जिम्मेवारीलाई आत्मसात् गर्दै प्यूठान नगरपालिकाको २१ औ नगरसभामा ***आर्थिक वर्ष २०८३/०८४*** को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

सर्वप्रथम, नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा नागरिक अधिकारको प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतन्त्र, शान्ति, समावेशिता, सामाजिक न्याय र परिवर्तनका आन्दोलनहरूमा योगदान पुऱ्याउनुहुने अग्रज व्यक्तित्वहरू, घाइते योद्धाहरू तथा सम्पूर्ण नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दछु।

प्यूठान नगरपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदामा प्रचुर सम्भावना रहेको स्थानीय तह हो। कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्यमशीलता तथा पूर्वाधार विकासका प्रशस्त सम्भावना बोकेको यस नगरपालिकालाई समुन्नत, व्यवस्थित, समावेशी र आत्मनिर्भर नगरका रूपमा विकास गरिनेछ  हाम्रो साझा लक्ष्य रहेको छ। नागरिकको जीवनस्तर उकास्ने, गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गरिनेछ  तथा विकासका अवसरहरूलाई सबै नागरिकसम्म समान रूपमा पुऱ्याउने दायित्वप्रति नगरपालिका प्रतिबद्ध रहेको छ।

हामी स्थानीय तहको रुपमा २ वटा आवधिक निर्वाचनमा सहभागी भईसकेका छौं र स्थानीय तहको जग बलियो बनाउनमै प्रयत्नरत छौ । यस अवधिमा प्यूठान नगरपालिकाबाट सम्पादित समग्र कार्यको नागरिक तहबाट समिक्षा हुन जरुरी देखेको छु । स्थानीय तह जहाँ सबै प्रकारका सेवा प्रवाह र जन अपेक्षा जोडिने गर्दछन सोही तहनै वित्तीय स्रोत जनशक्ति अभाव र जनआकाङ्क्षासंग मेल नखाई जनप्रतिनिधिहरुले चाहेजति उपलब्धी हासिल गर्न नसकी आलोचना र गुनासोको केन्द्र बन्न पुगेको छ । यही यथार्थतामा आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रमा प्रस्तुत गरेको छु ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नगरवासीका आवश्यकता, जनप्रतिनिधि तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव, आवधिक योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक नीतिहरू, जनअपेक्षा, जेन जी मुभमेन्टको मर्म र आन्दोलन तथा उपलब्ध स्रोत–साधनलाई आधार बनाइएको छ। सीमित स्रोत र बढ्दो विकास अपेक्षाबीच उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै परिणाममुखी, पारदर्शी, उत्तरदायी तथा जनकेन्द्रित शासन प्रणालीलाई थप सुदृढ बनाउने लक्ष्य लिइएको छ।

नगर सभा सदस्य ज्यूहरु
अब म प्यूठान नगरपालिकाको आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु र संविधानको अनुसूची ८
- सङ्घीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- सङ्घीय र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीति,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय सरकारसँग सम्बन्धीत अन्य ऐन, नियमावलीहरु,
- दिगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण,

- पोषण मैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धीत विषयहरु.
- निर्वाचनमा प्रस्तुत गरिएको प्रतिवद्धताहरु,
- प्यूठान नगरपालिकाको आवधिक योजना,
- नेपाल सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम,
- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु,
- वडास्तरबाट आएका सुझावहरु,
- विभिन्न राजनीतिक दलहरु, संघसस्थाहरु, नगरवासीहरुको सल्लाह सुझावहरु ।

प्यूठान नगरपालिकाको नेतृत्व गरिनेछ  अवसर प्राप्त भएको चार वर्षको अवधिमा हामीले नगरवासी समक्ष व्यक्त गरेका उद्देश्य, प्रतिबद्धता तथा विकासका संकल्पहरूलाई व्यवहारमा उतार्ने दिशामा निरन्तर प्रयास गरेका छौं। यस क्रममा धैरै महत्वपूर्ण उपलब्धिहरू हासिल गर्न सफल भएका छौं भने स्रोत, साधन तथा विभिन्न परिस्थितिजन्य सीमाका कारण केही अपेक्षित कार्यहरू सम्पन्न गर्न अझै बाँकी रहेका छन्।

हामीले लिएका दीर्घकालीन उद्देश्यहरूलाई राष्ट्रको दीर्घकालीन विकास लक्ष्यसँग सामञ्जस्यता कायम गर्दै प्यूठान नगरपालिकालाई उदाहरणीय स्थानीय सरकारका रूपमा स्थापित गरिनेछ  प्रयास गरेका छौं। यस क्रममा किसान पेन्सन कार्यक्रम,जिल्ला अस्पतालमा उपचारका लागि जाने नगरवासीहरुलाई निशुल्क OPD सेवा, सुत्केरीहरुलाई निशुल्क यातायात तथा सुत्केरी पोषण कार्यक्रम, उत्पादनमा आधारित अनुदान, अभिभावक विहीन तथा जोखिममा रहेका बालबालिकाको संरक्षण तथा हेरचाह, नमूना आवासिय विद्यालय कार्यक्रम लगायत नागरिकको जीवनस्तरसँग प्रत्यक्ष सम्बन्धीत नवीन तथा जनमुखी कार्यक्रमहरू सञ्चालन गरिएका छन्। आगामी आर्थिक वर्षमा पनि यस्ता सफल र प्रभावकारी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। साथै नगरपालिकाको समग्र विकासका लागि आवश्यक नीति, कार्यक्रम तथा संस्थागत सुधारका प्रयासहरूलाई थप सुदृढ बनाउँदै लैजाने नीति अवलम्बन गरिनेछ ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस निर्वाचित कार्यकालको अन्तिम नीति तथा कार्यक्रम समेत भएकाले यसको विशेष महत्व रहेको छ। यस अवधिसम्म नगरपालिका सञ्चालन तथा विकास निर्माणका कार्यहरूमा निरन्तर सहयोग, सुझाव, समन्वय र सहकार्य प्रदान गर्नुहुने कर्मचारी, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी, विकास साझेदार तथा सम्पूर्ण नगरवासीप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस नीति तथा कार्यक्रममार्फत सुशासन, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, कृषि आधुनिकीकरण, रोजगार प्रवर्द्धन, पर्यटन विकास, सूचना प्रविधिको विस्तार तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकताका साथ अघि बढाइनेछ। साथै "समृद्ध नगरपालिका, सुखी नगरवासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबिचको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

प्रस्तुत नीति तथा कार्यक्रमले निर्वाचित हुँदै गर्दा हामीले तय गरेका विकासका लक्ष्य तथा योजनाहरूको कार्यान्वयनलाई थप गति प्रदान गरिनेछ छ। साथै यसले आगामी दिनमा निर्वाचित भएर आउने जनप्रतिनिधिहरूलाई समेत विकासको स्पष्ट मार्गचित्र तथा नीतिगत मार्गदर्शन प्रदान गर्दै प्यूठान नगरपालिकाको समृद्धि तर्फको यात्रालाई निरन्तर अगाडि बढाउन सहयोग पुऱ्याउने विश्वास हामीले गरेका छौं ।

नागरिकका अपेक्षा, आवश्यकता र आकाङ्क्षालाई केन्द्रबिन्दुमा राखी समावेशी विकास, सामाजिक न्याय, आर्थिक समृद्धि तथा सुशासनको प्रत्याभूति गरिनेछ  दृढ संकल्पकासाथ प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्र मा सम्पूर्ण

सरोकारवालाहरुको सहभागिता र साझा स्वामित्वको अपेक्षा गर्दै प्रस्तुत नीति तथा कार्यक्रममाथि गम्भीर छलफल, परिमार्जन र अनुमोदनका लागि यस सम्मानित गाउँसभा समक्ष विनम्रतापूर्वक पेश गर्दछु ।

नगर सभाका सदस्यज्यूहरू,

अब म प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम क्षेत्रगत रूपमा बुँदागत ढंगले प्रस्तुत गरिनेछ अनुमति चाहन्छु।

**प्रशासन तर्फ**

नगरपालिकालाई सुशासनयुक्त, पारदर्शी, उत्तरदायी, जवाफदेही, प्रविधिमैत्री तथा नागरिकमैत्री स्थानीय सरकारका रूपमा विकास गर्दै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

- सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावना, संविधानको मूल मर्म तथा वर्तमान सरकारद्वारा अवलम्बन गरिएको शासकीय सुधार अभियानलाई आत्मसात् गर्दै प्रशासनिक सुधारका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरूलाई सरल, सहज, छरितो, अनुमानयोग्य तथा नतिजामुखी बनाइनेछ ।
- सेवा प्रवाहमा हुने ढिलासुस्ती, झन्झटिलो प्रक्रिया तथा अनावश्यक प्रशासनिक जटिलता न्यूनीकरण गरी सेवाग्राहीको समय र लागत बचत हुने व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको प्रशासनिक संरचना, कार्यप्रक्रिया तथा निर्णय प्रणालीलाई समयानुकूल परिमार्जन गर्दै संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- नागरिक बडापत्रलाई अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरिनेछ तथा सेवा प्रदान गरिनेछ  समयसीमाको अनिवार्य पालना गरिनेछ ।
- सार्वजनिक सेवामा सदाचार, इमान्दारिता, निष्पक्षता तथा व्यावसायिक आचरणलाई प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक निकायप्रतिको नागरिक विश्वास अभिवृद्धि गर्न पारदर्शिता, उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताका अभ्यासहरूलाई संस्थागत गरिनेछ ।
- सूचना प्रविधिको अधिकतम उपयोग गरी नगरपालिकाका प्रशासनिक तथा सेवा प्रवाह सम्बन्धी कार्यहरू क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ ।
- शिक्षक, कर्मचारी तथा स्वास्थ्यकर्मी कर्मचारीहरुको तलब बृद्धि गरिनेछ ।
- विद्युतीय कार्यालय (E-Office), डिजिटल अभिलेख व्यवस्थापन, अनलाइन सिफारिस, विद्युतीय पत्राचार तथा ई–हाजिरी प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक सूचना, योजना, कार्यक्रम, बजेट तथा निर्णयहरू नियमित रूपमा सार्वजनिक गरिनेछ ।
- सूचना प्रविधिको प्रयोगमार्फत सेवाग्राहीले घरबाटै सेवा लिन सक्ने गरी डिजिटल सेवा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ प्रयास गरिनेछ ।
- सूचना सुरक्षालाई प्राथमिकता दिँदै साइबर सुरक्षा तथा डिजिटल पूर्वाधार सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरूको कार्यसम्पादनलाई नतिजामुखी, उत्तरदायी तथा सेवा केन्द्रित बनाउन कार्यसम्पादन व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि आवश्यकता आधारित तालिम, अभिमुखीकरण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- कर्मचारी व्यवस्थापनमा योग्यता, दक्षता, निष्पक्षता तथा कार्यसम्पादनमा आधारित प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- नगरपालिकामा सेवाग्राही सहायता कक्ष तथा गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- नागरिकका गुनासा, सुझाव तथा उजुरीहरूको समयमै सम्बोधन गरी सेवाप्रतिको नागरिक सन्तुष्टि अभिवृद्धि गरिनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा अन्य सेवाग्राहीमैत्री समूहलाई सहज सेवा उपलब्ध गराउन विशेष व्यवस्था गरिनेछ।
- वडा कार्यालय तथा नगरपालिकाबाट प्रदान गरिने सेवाको गुणस्तर मापन तथा सुधारका लागि नियमित अनुगमन र मूल्याङ्कन प्रणाली लागु गरिनेछ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा नागरिक संवाद कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गरी स्थानीय शासनमा नागरिक सहभागिता अभिवृद्धि गरिनेछ।
- सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयन गर्दै सूचना प्रवाहलाई थप खुला, पारदर्शी तथा व्यवस्थित बनाइनेछ।
- नगरपालिकाको अभिलेख व्यवस्थापन, जिन्सी व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापनलाई आधुनिक र व्यवस्थित बनाइनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरी वित्तीय अनुशासन, मितव्ययिता तथा प्रभावकारी स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गरिनेछ।
- संघ, प्रदेश तथा अन्य स्थानीय तहसँगको समन्वय, सहकार्य तथा साझेदारीलाई सुदृढ गर्दै अन्तरसरकारी सम्बन्धलाई प्रभावकारी बनाइनेछ।
- नगरपालिकालाई उत्कृष्ट सुशासन अभ्यास अवलम्बन गरिनेछ , पारदर्शी, उत्तरदायी, जवाफदेही तथा नागरिकको भरोसायोग्य स्थानीय सरकारका रूपमा स्थापित गर्न आवश्यक संस्थागत सुधारका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
- “समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार, सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार” भन्ने मूल नारालाई आत्मसात् गर्दै नगर प्रशासनलाई परिणाममुखी र नागरिक केन्द्रित बनाइनेछ।

**पूर्वाधार विकास शाखा तर्फ**

**सडक पूर्वाधार तर्फ**

- १ वडा १ कालो पत्रे सडकलाई निरन्तरता दिईनेछ।
- सडक निर्माणगर्दा अन्य पूर्वाधारका संरचनालाई असर नगरिनेछ  गरी गर्न विस्तृत अध्ययन तथा Environmental Management Plan तर्जुमा गरी लागु गरिनेछ।
- अन्तरनिकायगत योजनाहरूको दोहोरोपना ,जानकारी नहुने तथा जनइच्छा अनुरूप नहुने जस्ता समस्या हटाउन अन्तरनिकाय र जनपक्षीय समन्वय गरिनेछ
- टोलस्तरका बाटोहरुमा लागत साझेदारी गर्न ईच्छुक टोल विकास संस्थाका योजनाहरुको निर्माणलाई विशेष प्राथमिकता दिईनेछ।
- सडक नक्साङकन टुङगिएको तथा geometry design मिलेर traffic संख्या धेरै भइ सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरिनेछ  कार्यलाई प्राथमिकता दिइनेछ।

- विजुवार पक्कीपुलदेखि नगरपालिका प्रशासनिक भवन सम्मको बाटोलाई नमुना सडककोरूपमा कालोपत्रे तथा सौन्दर्यकरण गरिनेछ।
- नगर यातायात गुरु योजना तर्जुमा गरी लागु गरिनेछ।
- झोलुङ्गे पूल निर्माणलाई निरन्तरता दिन लागत सहभागिताको रकम व्यवस्थापन गरिनेछ साथै निर्मित झोलुङ्गे पुलको संरक्षण गरिनेछ  कार्यलाई निरन्तरता दिईनेछ।

**खानेपानी तर्फ**

- सबै जनता र खासगरी पिछडिएका व्यक्ति, वर्ग र समुदायलाई लक्षित गरी प्राथमिकता साथ स्वच्छ, सुविधाजनक, र पर्याप्त मात्रामा खानेपानी र सरसफाई सुविधा पुर्याउने प्रयत्न गरिनेछ।
- प्राकृतिक मूलहरूको संरक्षण गरिनेछ ।
- पानीजन्य संक्रामक रोग र संक्रमितको संख्यालाई कम गरिनेछ ।
- सबै नागरिकलाई स्वच्छ, सुरक्षित, भरपर्दो तथा दिगो खानेपानी सेवामा पहुँच सुनिश्चित गरिनेछ।
- खानेपानीका मुहान, जलाधार क्षेत्र तथा पानीका स्रोतहरूको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरिनेछ।
- खानेपानी आयोजनाको निर्माण, सञ्चालन तथा मर्मतसम्भारमा स्थानीय समुदायको सहभागिता र स्वामित्व अभिवृद्धि गरिनेछ।
- बेलुवा बागदुला सडक बिस्तारसँगै पडकका दाँयाँ बायाँका बस्तीमा parallel grid line watersupply विस्तार गरिनेछ।
- खानेपानी लाइन अवरूद्द हुँदा कहाँ  अवरूद्द भएको हो थाहा नहुने हुँदा watersupply grid line location plan तयार गरिनेछ ।
- जलवायु परिवर्तन तथा प्राकृतिक विपद्बाट खानेपानी क्षेत्रमा पर्न सक्ने प्रभाव न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गरिनेछ।
- ग्रामीण तथा दुर्गम बस्तीहरूमा प्राथमिकताका साथ खानेपानी सेवा विस्तार गरिनेछ।
- खानेपानीको गुणस्तर परीक्षण तथा नियमित अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- खानेपानीसँगै सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- वर्षा पानी संकलन, पुनर्भरण तथा वैकल्पिक जलस्रोतको उपयोगलाई प्रोत्साहन गरिनेछ।
- खानेपानी आयोजनाहरूमा लैङ्गिक समानता, सामाजिक समावेशिता तथा पिछडिएका समुदायको पहुँच बृद्धि गरिनेछ।
- संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदार संस्थाहरूसँग समन्वय गरी खानेपानी सेवा विस्तार तथा सुधार गरिनेछ।
- एक घर एक धाराको नीतिलाई कार्यक्रममा रुपान्तरण गरी क्रमबद्ध रुपमा सम्पन्न गरिनेछ।
- बृहत विजुवार साना शहरी खानेपानी तथा सरसफाई संस्थालाई व्यवस्थापकीय पक्षमा सहयोग गर्दै लगिनेछ।

**भवन तथा नक्सापास तर्फ**

- भवन संहिता तर्जुमा भवन निर्माण मापदण्ड तथा भू-उपयोग योजनाअनुसार मात्र भवन निर्माण अनुमति प्रदान गरिनेछ।
- सुरक्षित, व्यवस्थित तथा वातावरणमैत्री बस्ती विकासका लागि नक्सा पास प्रक्रियालाई प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री जलवायु उत्थानशिल बनाइनेछ।
- भूकम्प प्रतिरोधी तथा विपद् जोखिम न्यूनीकरणका मापदण्डहरूको अनिवार्य पालना गराइनेछ।

- भवन निर्माण कार्य प्रारम्भ गर्नुअघि नक्सा स्वीकृति तथा आवश्यक कानुनी प्रक्रिया पुरा गर्न प्रोत्साहन गरिनेछ ।
- अनधिकृत तथा मापदण्डविपरीत निर्माण कार्यको नियमित अनुगमन गरी कानुन बमोजिम कारबाही गरिनेछ ।
- सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी भवनहरूको निर्माणमा पहुँचयुक्त (Disability Friendly/environmental friendly) मापदण्ड अवलम्बन गरिनेछ ।
- भवन निर्माण अनुमति सम्बन्धी सेवा प्रवाहलाई सरल, छिटो र सेवाग्राहीमैत्री बनाइनेछ।
- खुला क्षेत्र, सडक अधिकार क्षेत्र, नदी तथा खोला किनारालगायत संवेदनशील क्षेत्रमा भवन निर्माणलाई मापदण्ड बमोजिम नियमन गरिनेछ ।
- भवन निर्माण तथा नक्सा पास प्रक्रियामा डिजिटल अभिलेखीकरण र सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
- स्थानीय तहको दीर्घकालीन शहरी तथा बस्ती विकास योजनाअनुसार भवन निर्माण तथा भूमि विकास कार्यलाई व्यवस्थित गरिनेछ ।

**सिँचाइ पूर्वाधार तर्फ**

- सिचाईयोग्य जमिनमा सिचाइका पूर्वाधारहरु निर्माण गरिनेछ र निर्मित सिचाईका पूर्वाधारहरुको मर्मत तथा सम्भारका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- कृषि उत्पादन वृद्धि गर्न स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा साना, मझौला तथा लिफ्ट सिँचाइ संरचनाको निर्माण र विस्तार गरिनेछ ।
- परम्परागत कुलो, नहर, पोखरी तथा अन्य सिँचाइ संरचनाको संरक्षण, मर्मत सम्भार र स्तरोन्नति गरिनेछ ।
- झिमरूक खोला स्रोत भएका नहरहरूमा sediment deposit ,bed level changed ,river flow path changed जस्ता समस्या हटाउन उचित barrier, check dam जस्ता आवश्यक संरचना निर्माण गरिनेछ ।
- सडक निर्माण गर्दा जथाभावी माटो फालेर सिंचाई नाला पुरिदिने जस्ता समस्या हटाउन तेस्ता योजनामा अनिवार्य irrigation system protection plan समावेश गर्न जोड दिईनेछ ।
- सिँचाइ संरचनाहरूको निर्माणमा गुणस्तर, दिगोपन तथा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ।
- पहिरो, बाढी तथा भूक्षयको जोखिमलाई मध्यनजर गरी सिँचाइ संरचनाको डिजाइन तथा निर्माण गरिनेछ ।
- वर्षा पानी संकलन, जलसञ्चय पोखरी तथा पुनर्भरण संरचनाको विकासलाई प्रोत्साहन गरिनेछ ।
- सिँचाइ संरचनाको सञ्चालन, व्यवस्थापन र संरक्षणमा उपभोक्ता समितिको सहभागिता सुनिश्चित गरिनेछ ।
- आधुनिक तथा पानी बचत गरिनेछ  सिँचाइ प्रविधिसँग संरचनाहरूलाई आवद्ध गरिनेछ ।
- सिँचाइ संरचनाको नियमित अनुगमन, मूल्याङ्कन तथा मर्मतसम्भारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

**अन्य पूर्वाधार तर्फ**

- नगरपालिकाको आम्दानी संग जोडिने गरी औद्योगिक ग्राम सञ्चालन प्रक्रिया कानुन अनुसार प्रक्रिया अगाडि बढाईनेछ ।
- योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता, उपलब्ध श्रोत साधन र प्राविधिक दृष्टिले लाभदायी हुने र उत्कृष्ट प्रतिफल दिने योजना छनोट गरिनेछ  कार्यलाई थप प्राथमिकिकरण दिइ योजना छनोट गरिनेछ ।
- प्यूठान नगरपालिका ३ मा रहेको जुम्री बसपार्कलाई आफ्नै स्वामित्वमा लिन पहल गरिनेछ ।

- अव्यवस्थित रुपमा सञ्चालन भईरहेको साना गाडी, मोटरसाईकल मर्मत केन्द्रहरु केन्द्रीकृत गरी व्यवस्थित अटोभिलेज नगरपालिकाको स्वामित्वमा सञ्चालनमा ल्याईनेछ।
- नगर क्षेत्रभित्रका खोला नाला, खोल्सीहरुमा पक्की पुल, झोलुङ्गे पुल, ट्रस ब्रीज र कल्भर्ट निर्माण गरी आवागमनलाई सहजता प्रदान गरिनेछ  नीति लिइनेछ।
- स्वीकृत कार्यक्रम र क्रियाकलाप अनुसार समय अवधि भित्र कार्य सम्पन्न गरिनेछ  गराउने कार्यलाई प्रभावकारी रुपमा अगाडि वढाइनेछ।
- नगरपालिकाका स-साना योजनाहरूको कार्यान्वयन गर्दा काम भन्दा प्रकृया धैरे हुने हँदा योजनाको आवश्यक परे packaging गरी   वडास्तरमा  न्यूनतम २ लाख र नगरस्तरमा न्यूनतम ५ लाख भन्दा ठूला योजना तर्जुमा गरिनेछ।
- नगरपालिकामा उपभोक्ता समितिबाट सञ्चालन हुने दुर्गम क्षेत्रका भौतिक पूर्वाधार निर्माणका योजनाहरुमा  स्थानीयको सक्रियताको आधारमा  मेसिनरी उपकरण (डोजर) प्रयोग निरुत्साहित गरी lean Manangement technology मार्फत मानव संसाधनको परिचालन गरी रोजगारी सृजना गरिनेछ।
- समपुरक अनुदान, सडक बोर्डका कार्यक्रमहरु र झोलुङ्गे पुल कार्यक्रममा लागत सहभागिताका लागि समपुरक कोषको व्यवस्थापन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र भएका खेलमैदानहरुको निर्माण तथा स्तरोन्नती गरिनेछ।
- नगरपालिका वा सो अन्तरगतका निकायबाट प्रवाह गरिने सेवा प्रवाहलाई पारदर्शी बनाउन प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ।

**योजना कार्यन्वयन तर्फ**

नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य (SDGs), नेपालको १६औँ योजनाले अवलम्बन गरेको समावेशी, उत्पादनशील, दिगो तथा रोजगारीमुखी विकासको अवधारणासँग आबद्ध गर्दै नागरिकको वास्तविक आवश्यकता, स्थानीय स्रोत–साधनको अधिकतम उपयोग, उत्पादन तथा रोजगारी सिर्जना, वातावरणीय सन्तुलन तथा दीर्घकालीन प्रतिफल सुनिश्चित हुने गरी कार्यान्वयन गरिनेछ।

- उपभोक्ता, निर्माण व्यवसायी वा अन्य निकायवाट योजना कार्यान्वयन गर्दा बजेटको र कृयाकलापको विवरणलाई थप स्पष्ट हुने गरी समिति र सरोकारवाला समुदाय र पक्षलाई जानकारी दिनु पर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडि वढाइनेछ।
- स्वीकृत योजना तथा कार्यक्रमहरूलाई निर्धारित समय, लागत र गुणस्तरभित्र सम्पन्न गरिनेछ।
- जग्गा प्राप्ती,बजेट स्रोत सुनिश्चित,utility inventory मा प्रभाव तथा सम्बन्धको अध्ययन पश्चात मात्र कार्यान्वयन चरणमा लगिनेछ।
- योजनाको कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता र सुशासनको सिद्धान्त अवलम्बन गरिनेछ।
- योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ।
- उपभोक्ता समिति, स्थानीय समुदाय तथा सरोकारवाला निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
- योजनाको कार्यान्वयनमा प्रचलित कानुन, मापदण्ड तथा सार्वजनिक खरिद सम्बन्धी व्यवस्थाको पूर्ण पालना गरिनेछ।
- योजना कार्यान्वयनका क्रममा उत्पन्न हुने समस्या तथा जोखिमहरूको समयमै व्यवस्थापन गरिनेछ।
- विकास आयोजनाहरूको गुणस्तर सुनिश्चित गर्न प्राविधिक परीक्षण तथा निरीक्षणलाई प्रभावकारी बनाइनेछ।
- योजनाको प्रगति तथा उपलब्धिको नियमित अभिलेखीकरण र प्रतिवेदन प्रणाली विकास गरिनेछ।

- स्थानीय स्रोत, सिप, प्रविधि तथा जनशक्तिको अधिकतम उपयोग गरिनेछ।
- अधुरा तथा बहुवर्षीय योजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्दै नयाँ योजनाहरू सञ्चालन गरिनेछ।
- संघ तथा प्रदेश सरकारका विषयगत कार्यालयहरूबाट सञ्चालन हुने भौतिक पूर्वाधार, आयआर्जन, क्षमता विकास तथा सशक्तिकरण सम्बन्धी कार्यक्रमहरू नगरपालिकासँग आवश्यक समन्वय र सहकार्य गरी दोहोरोपन न्यूनीकरण तथा स्रोतको प्रभावकारी परिचालन हुने गरी सञ्चालन गरिनेछ।
- योजना तथा कार्यक्रम छनोट गर्दा नागरिकका आवश्यकता, स्थानीय माग, उत्पादन वृद्धि, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, वातावरणीय दिगोपना तथा दीर्घकालीन उपयोगितालाई प्रमुख आधार बनाइनेछ। सीमित स्रोतबाट अधिकतम प्रतिफल प्राप्त हुने तथा धेरै नागरिक प्रत्यक्ष लाभान्वित हुने आयोजनालाई प्राथमिकता दिइनेछ।
- विकास आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्य (SDGs) का सूचकहरू, १६औँ योजनाका लक्ष्यहरू, नगरपालिकाको आवधिक योजना तथा क्षेत्रगत गुरुयोजनासँगको आबद्धतालाई अनिवार्य आधारका रूपमा अवलम्बन गरिनेछ।
- उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाहरूमा न्यूनतम १० प्रतिशत लागत सहभागिता कायम गरिनेछ। स्थानीय स्वामित्व अभिवृद्धि तथा आयोजनाको दिगोपना सुनिश्चित गर्न श्रम, नगद वा जिन्सी योगदानलाई प्रोत्साहन गरिनेछ।
- उपभोक्ता समितिहरूलाई योजना सम्झौता, खरिद प्रक्रिया, कार्यान्वयन, अभिलेखीकरण, वित्तीय व्यवस्थापन तथा फरफारक सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरी उत्तरदायी र पारदर्शी कार्यान्वयन प्रणाली विकास गरिनेछ।
- विकास आयोजनाहरूको वार्षिक कार्यतालिका तयार गरी समयमै कार्यान्वयन गरिनेछ। निर्धारित समयसीमा भित्र सम्पन्न गर्न नसकिने वा पर्याप्त तयारी नभएका आयोजनाहरूलाई स्वीकृत नगरिनेछ तथा स्वीकृत आयोजना समयमै सम्पन्न गरिनेछ व्यवस्थालाई कडाइकासाथ लागू गरिनेछ।
- आयोजना कार्यान्वयनमा गुणस्तर, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, चौमासिक तथा वार्षिक समीक्षा लगायतका सुशासनका औजारहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- योजना व्यवस्थापन प्रणालीलाई आधुनिक तथा प्रविधिमैत्री बनाउन योजना शाखाको सम्पूर्ण कार्यलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरी योजना तर्जुमा, सम्झौता, अनुगमन, प्रतिवेदन तथा भुक्तानी प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाइनेछ।
- नगरपालिकाको सीमित स्रोत तथा साधनको उच्चतम उपयोग सुनिश्चित गर्न कम लागतमा उच्च प्रतिफल प्राप्त हुने, उत्पादन वृद्धि गरिनेछ , राजस्व विस्तारमा योगदान पुर्‍याउने तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने आयोजनाहरूलाई विशेष प्राथमिकता प्रदान गरिनेछ।
- आयोजना छनोट तथा कार्यान्वयन गर्दा सञ्चालन तथा मर्मतसम्भारको दीर्घकालीन सुनिश्चितता, वातावरणीय प्रभाव, जलवायु अनुकूलन तथा भविष्यमा समेत लाभ प्रवाह कायम रहने पक्षलाई विशेष ध्यान दिइनेछ।
- समयमै सम्पन्न हुने, स्पष्ट प्रतिफल दिने तथा आर्थिक, सामाजिक र वातावरणीय लाभ सुनिश्चित गरिनेछ परियोजनाहरूलाई मात्र प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। अलपत्र पर्ने, न्यून प्रतिफल दिने तथा दीर्घकालीन उपयोगिता पुष्टि नभएका योजनाहरूलाई क्रमशः निरुत्साहित गरिनेछ।
- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारी, लागत साझेदारी तथा सहलगानीका माध्यमबाट थप स्रोत परिचालन गरी विकास कार्यक्रमहरूको प्रभावकारिता तथा दिगोपना अभिवृद्धि गरिनेछ।

## स्वास्थ्य तर्फ

- पूर्ण खोप सुनिश्चिततालाई निरन्तरता दिइनेछ।
- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र नागरिकको पहुँचयोग्य बनाईनेछ।
- नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवालाई स्वास्थ्य संस्थामार्फत सञ्चालन गरी थप व्यवस्थित र प्रभावकारी बनाईनेछ। नगर क्षेत्रभित्रका सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुने नगरबासीहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।
- वर्थिङ सेन्टरमा आवश्यक सामग्री खरीद गरी गुणस्तरीय सेवा प्रदान गरिनेछ वातावरण बनाईनेछ। साथै बाल मृत्युदर, मातृमृत्युदर घटाउने किसिमबाट विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- नेपाल रेडक्रस सोसाईटीले सञ्चालन गरिरहेको रक्त सञ्चार सेवालाई निरन्तरता दिन सहयोग गरिनेछ।
- विद्यालय पोषण तथा स्वास्थ्य शिक्षाको माध्यमबाट किशोर किशोरी मैत्री विद्यालय तथा स्वास्थ्य संस्थाको अवधारणा अवलम्बन गरिनेछ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाहरुको विकास र बिस्तार गरिनेछ।
- पोषणमैत्री स्थानीय तहको अवधारणालाई अबलम्बन गरी आवश्यक पूर्व तयारीका क्रियाकलापहरुलाई अगाडि बढाईनेछ।
- कुपोषण न्यूनीकरणका लागि पोषण लेखाजोखा तथा पोषण प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान हुने सुनिश्चित गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रका सवै नागरिकहरुलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्दै लगिनेछ।
- स्वास्थ्य सेवाको पहुँचलाई थप प्रभावकारी गराउन आयुर्वेद स्वास्थ्य सेवालाई बिस्तार तथा व्यवस्थापन गरिनेछ।
- डेंगु लगाएत सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको उपायहरू अवलम्बन गरिनेछ।
- स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा विस्तार गर्दै लगिनेछ।
- लागु औषध दुर्व्यसन निरुत्साहनका लागि विद्यालय स्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- प्यूठान अस्पतालमा उपचार गर्न आएका नगरबासीहरुलाई निशुल्क OPD दर्ता गरिनेछ ब्यबस्था गरिनेछ।
- विकट र दुर दजराजका बस्तीहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- प्यूठान नगरपालिका जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको स्वास्थ प्रति संवेदनशील रहेको छ, जसका लागि प्यूठान नगरपालिकाद्वारा जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको लागि घरदैलोमा "हेल्थ स्क्रिनिङ कार्यक्रम" तथा अन्य स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिकलाई प्रदान गर्दै आएको निशुल्क आखा उपचार सेवालाई सबै वडाहरुको पहुँचमा पुर्‍याइनेछ।
- सुत्केरीसँग नगरपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योग ध्यान र स्वजारणका मौलिक र वैज्ञानिक पद्दत्तिलाई मुल प्रवाहीकरण गरी स्वस्थ्य र नैतिकवान समाज निर्माण गर्न पालिका स्तरमा योग र ध्यानको स्वजागरण अभियान सञ्चालन गरिनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको मनोवल उच्च बनाउन प्रोत्साहन रकम र सञ्चार खर्च उपलब्ध गराईनेछ।
- बैकल्पिक उपचार सेवा (आयुर्वेद, युनानी उपचार सेवा, होमियोप्याथी) प्रवर्द्धन गरिनेछ।

- बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत सुनौलो हजार दिनका आमा र बच्चालाई केन्द्र बिन्दुमा राखेर पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत र आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरिएका अत्यावश्यक औषधी खरिदका लागि आवश्यक बजेटको ब्यवस्था मिलाईने छ ।
- प्युठान नगरपालिका वडा नं ५ मा सञ्चालन हुन लागेको सहरी स्वास्थ्य केन्द्र सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- प्यूठान नगरपालिका भित्र रहेका असहाय, अशक्त, गरीब तथा बिपन्न वर्गको लागि निशुल्क स्वास्थ्य विमा लागु गरिनेछ ।
- पूर्ण संस्थागत प्रसुतीयुक्त वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइने छ।
- नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या न्यूनीकरण गरिनेछ  कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- क्षयरोगमुक्त अभियानका लागि समुदाय स्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- समुदाय स्तरमा फैलिन सक्ने सरुवाजन्य रोगहरुको निगरानी प्रणालीलाई स्वास्थ्य संस्था स्तरबाट प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य- घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी नगरबासीको स्वस्थकर जीवनशैली अपनाउन मद्दत गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

- शिक्षा, युवा तथा खेलकुद क्षेत्रका प्रस्तुत नीतिहरू नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक हक, राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), सोह्रौं योजना, दिगो विकास लक्ष्य (SDG-4), राष्ट्रिय युवा नीति, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्यूठान नगरपालिकाको आवधिक योजना र नगर शिक्षा योजनासँग प्रत्यक्ष रूपमा सम्बन्धीत रहेका छन्। यी नीतिहरूले गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षाको पहुँच सुनिश्चित गर्दै सक्षम, सिर्जनशील, प्रतिस्पर्धी, अनुशासित तथा उत्पादनशील नागरिक निर्माण गरिनेछ  दीर्घकालीन लक्ष्य लिएका छन्।
- यस क्षेत्र अन्तर्गत निम्न नीतिहरू अवलम्बन गरिनेछन्:
- आधारभूत तह उमेर समूहका प्रत्येक बालबालिकाको विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । विद्यालय छोडेका तथा विद्यालय छोड्ने जोखिममा रहेका बालबालिकाको सिकाइ निरन्तरता र आधारभूत शिक्षा पुरा गराउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- सबै बालबालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । उमेर नपुगी बालविकास केन्द्रमा भर्ना गरिनेछ  प्रवृत्तिलाई निरुत्साहित गरिनेछ तथा आवश्यकताको आधारमा बालविकास केन्द्र खोल्ने, स्थानान्तरण गरिनेछ वा गाभ्ने कार्य गरिनेछ ।
- विद्यालयको समुचित वितरण तथा स्रोत–साधनको प्रभावकारी व्यवस्थापनका लागि School Zone को अवधारणा कार्यान्वयन गरिनेछ । आवश्यकताका आधारमा विद्यालय तह मिलान, मर्जर तथा शिक्षक दरबन्दी समायोजन गरिनेछ ।
- नगरपालिकाभित्रका विद्यालय तथा बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार आवश्यकताको Mapping गरी प्राथमिकताका आधारमा पूर्वाधार विकास गरिनेछ । मुक्ति माध्यमिक विद्यालय रातामाटामा सञ्चालित अभिभावक बिहीन बलबालिकाहरुको लागि आवासीय सुविधा सहित निशुल्क शिक्षालाई थप सुदृढ र नमूना विद्यालयको रुपमा बिकास गरिनेछ ।
- बालकेन्द्रित शिक्षण, आधारभूत सिकाइ सुनिश्चितता, सुधारात्मक सिकाइ तथा सिर्जनात्मक क्षमताको विकासका लागि Foundational Learning कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ।

- आधुनिक सूचना प्रविधिको प्रयोगलाई शिक्षण सिकाइ प्रक्रियासँग आबद्ध गर्दै Smart Board, Digital Learning Materials तथा विद्युतीय हाजिरी प्रणालीको विस्तार गरिनेछ । शिक्षकहरूको डिजिटल क्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ।
- विद्यालय शिक्षाको गुणस्तर तथा सिकाइ उपलब्धि अभिवृद्धिका लागि उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालयलाई प्रोत्साहन गरिनेछ । शिक्षकहरूको अनुभव आदानप्रदान तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा स्वास्थ्य, पोषण, छात्रवृत्ति, सेनिटरी प्याड, आवासीय सुविधा तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गरिनेछ । विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय कृषि उत्पादनमा आधारित पोषणयुक्त मेनुको प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।
- शैक्षिक सुधार तथा सुशासनका लागि आवश्यक कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र शैक्षिक गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिइनेछ।
- शिक्षा क्षेत्रमा नगरपालिकाको लगानी क्रमशः अभिवृद्धि गरिनेछ । संस्थागत विद्यालयको प्रभावकारी नियमन गर्दै छात्रवृत्ति तथा सेवा–सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ ।
- स्वस्थ, सक्षम, अनुशासित तथा प्रतिस्पर्धी नागरिक निर्माणका लागि विद्यालय तथा पालिका स्तरमा नियमित खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयलाई सुरक्षित, शान्त, बालमैत्री तथा हरित क्षेत्रका रूपमा विकास गरिनेछ । विद्यालय परिसर तथा आसपासको क्षेत्रमा सुर्तीजन्य पदार्थ तथा अन्य हानिकारक वस्तुको प्रयोग तथा बिक्री–वितरणलाई निरुत्साहित गरिनेछ ।
- युवा समूह तथा क्लबहरूसँग सहकार्य गरी युवामा उद्यमशीलता, नवप्रवर्तन, सिप विकास र स्वरोजगारको प्रवर्द्धन गरिनेछ । “देशमै बसौँ, देशमै केही गरौँ” भन्ने भावनाको विकास गर्दै उत्पादनशील तथा जिम्मेवार युवा जनशक्ति निर्माणमा जोड दिइनेछ।

## कृषि विकास तर्फ

खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा दिगो विकास लक्ष्य हासिल गरिनेछ  राष्ट्रिय प्रतिबद्धतालाई आत्मसात गर्दै कृषिप्रधान मुलुक नेपालको आर्थिक तथा सामाजिक समृद्धिको आधारका रूपमा रहेको कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ। कृषकहरूको हित संरक्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि, आधुनिक एवं व्यवसायिक कृषिको प्रवर्द्धन तथा कृषि उद्यमशीलताको विकासमार्फत आत्मनिर्भर कृषि प्रणाली निर्माण गर्न प्यूठान नगरपालिका प्रतिबद्ध रहेको छ। यसै उद्देश्य अनुरूप कृषि क्षेत्रको रूपान्तरण, रोजगारी सिर्जना, आयआर्जन वृद्धि र दिगो कृषि विकासलाई केन्द्रमा राखी आर्थिक वर्ष २०८३/०८४ का लागि निम्नानुसारका नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

### माटो सुधार कार्यक्रम

- प्यूठान नगरपालिकामा रहेको माटो ल्याबमा लिइ निरन्तर रूपमा माटो परिक्षण गरिनेछ ।
- प्यूठान नगरपालिकाका  कृषकहरुको माटो परीक्षण गरी "माटो स्वास्थ्य कार्ड" वितरण गरिनेछ ।
- माटो परीक्षणको आधारमा मात्र मल तथा कृषि चुन  सिफारिस गरिनेछ ।
- प्यूठान नगरपालिकाका प्रत्येक वडामा माटो परिक्षण माटोको नमुना लिने तरिका बारे कृषकलाई तालिम दिई नमुना संकलनमा दक्ष बनाइनेछ ।
- किसान पेन्सन कार्यक्रममा सहभागी किसानहरुलाई अनिवार्य माटो परीक्षण कार्यक्रममा समावेश गरिनेछ  व्यवस्था गरिनेछ ।

**तरकारी उत्पादन प्रवर्द्धन**

- निर्वाहमुखी खेतीलाई व्यवसायिक तरकारी उत्पादनमा रूपान्तरण गरिनेछ।
- सम्भावित वडाहरूलाई तरकारी अन्तर्गत विशेष बालीको पकेट क्षेत्रको रूपमा विकास गरिनेछ।
- तरकारी बालीमा आवश्यक पर्ने प्राविधिक समस्याको निमित्त निरन्तर कृषि प्राविधिक खटाइनेछ।
- बिपन्न वर्गका कृषकहरुलाई पूर्ण अनुदानमा करेसाबारी स्थापनाको लागि तरकारी मिनिकिट उपलब्ध गराइनेछ।

**उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम**

- खाद्यान्न बाली ( धान ,गहुँ, मकै ) को उन्नत बीउ ५० % अनुदानमा वितरण गरिनेछ ।
- खाद्यान्न बालीको क्रप कटिंग गरिनेछ ।
- विभिन्न कृषि उपजहरुको उत्पादन बढाउनको लागि उचित कृषि प्रविधि विस्तार गरिनेछ ।
- मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने कृषकहरूलाई नबिन प्रविधिहरुसंग जोडिने गरी तालिम सञ्चालन गरिनेछ।
- कार्यक्रमको प्रकृति अनुरुप तरकारी ,च्याउ तथा अन्य बीउपल अनुदानमा वितरण गरिनेछ ।

**जैविक मल र विषादी प्रवर्द्धन तथा रासायनिक विषादी न्यूनीकरण कार्यक्रम**

- जैविक मल तथा विषादीको अधिकतम प्रयोगको लागि कृषकस्तरमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ।
- रासायनिक विषादीको असर र सुरक्षित प्रयोग सम्वाधी कृषकस्तरमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जैविक विषादीको प्रयोगमा प्रोत्साहन गरिनेछ।

**कृषकलाई पेन्सन कार्यक्रम**

- प्यूठान नगरपालिकामा विगत लामो समय देखि कृषि पेशामा संलग्न रहेका कृषक तथा अब अन्य पेशा त्यागी कृषि पेशा अंगाल्ने युवा कृषकलाई सामाजिक सुरक्षा कोषमा आवद्द गरिनेछ जस अन्तर्गत प्यूठान नगपालिकाले त्यस्ता कृषकलाई न्युनतम आधारभूत पारिश्रमिकको ९.३७ % रकम किसानको कोषमा जम्मा गरिनेछ।

**फलफूल खेती तथा बागवानी विकास कार्यक्रम**

- प्यूठान नगरपालिकाले फलफूल बिरुवाहरुको कृषकको माग बमोजिम कलमी तथा बिजु फलफूल बिरुवाहरु व्यवस्थापनमा सहजीकरण गरिनेछ ।
- व्यावसायिक फलफूल खेती गर्ने कृषकहरुलाइ बगैचा व्यवस्थापनको लागि आवश्यक सहजीकरण गरिनेछ।
- स्थानीय फलफूल खेती गरिनेछ कृषकहरुलाई स्थानीय मेलामा फलफूल बजारीकरण गर्नको निमित्त ढुवानीमा पूर्ण सहयोग गरिनेछ।

**पशु सेवा तर्फ**

प्यूठान नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा पशुपालन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। नगरपालिकामा उपलब्ध प्राकृतिक स्रोत, चरन क्षेत्र, कृषि प्रणाली तथा ग्रामीण जनजीवनसँग पशुपालन क्षेत्र प्रत्यक्ष रूपमा जोडिएको छ। पशुपालन क्षेत्रलाई व्यवसायिक, प्रतिस्पर्धी, प्रविधिमैत्री तथा बजारमुखी बनाउँदै पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरिनेछ , आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गरिनेछ , रोजगारी सिर्जना गरिनेछ , गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने तथा कृषकको आय र जीवनस्तरमा सुधार ल्याउने दीर्घकालीन लक्ष्य लिइएको छ। पशु स्वास्थ्य, पशु विकास, पशु आहारा, नस्ल सुधार, उत्पादन वृद्धि, बजारीकरण तथा उद्यमशीलताको एकीकृत विकासमार्फत पशुपालन क्षेत्रको समग्र रूपान्तरण गरिनेछ ।

यस क्षेत्र अन्तर्गत निम्न नीतिहरू अवलम्बन गरिनेछन्:

- पशुपन्छीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सम्भाव्यताको आधारमा विभिन्न पशुपन्छीका पकेट क्षेत्र पहिचान गरी प्याकेजमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपालन व्यवसायलाई आधुनिक, व्यवसायिक तथा बजारमुखी बनाउन उन्नत प्रविधि, व्यवस्थापन र उद्यमशीलताको प्रवर्द्धन गरिनेछ ।
- पशुधन संरक्षणका लागि विभिन्न संक्रामक रोगविरुद्ध खोप कार्यक्रम, रोग निदान सेवा, आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण, उपचार सेवा तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरी पशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ ।
- पशुजन्य उत्पादनको गुणस्तर तथा उत्पादकत्व वृद्धि गर्न गाई, भैंसी, बाख्रा तथा बंगुरमा कृत्रिम गर्भाधान सेवा विस्तार गरी उन्नत नस्ल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु आहाराको पर्याप्त उपलब्धता सुनिश्चित गर्न उन्नत घाँस खेती, चाराखेती तथा पशु आहारा उत्पादन कार्यक्रमलाई विस्तार गरिनेछ ।
- पशुपन्छी बीमा कार्यक्रमलाई विस्तार गरी प्राकृतिक विपद्, रोग तथा अन्य जोखिमबाट कृषकको लगानी संरक्षण गरिनेछ ।
- पशुपन्छीजन्य उत्पादनमा वृद्धि गर्न दुध, मासु, अण्डा लगायतका उत्पादनमा आधारित प्रोत्साहन तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनजाति, दलित, विपन्न, सीमान्तकृत तथा गरिबीको रेखामुनि रहेका परिवारलाई लक्षित गरी आयआर्जनमूलक कुखुरा, बाख्रा, बंगुर, गाई तथा भैंसीपालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवाहरूलाई स्वरोजगार तथा उद्यमशीलतामा आकर्षित गर्न पशुपालन व्यवसायसँग सम्बन्धीत सिपमूलक तालिम, व्यवसाय विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- भौगोलिक अवस्था, स्थानीय सम्भाव्यता तथा तुलनात्मक लाभका आधारमा उपयुक्त पशुपालन व्यवसायको प्रवर्द्धन गरिनेछ । नगद अनुदानलाई क्रमशः न्यूनीकरण गर्दै सामग्री तथा उत्पादनमा आधारित अनुदान प्रणालीलाई प्राथमिकता दिइनेछ।
- पशुपालन क्षेत्रको विकासका लागि संघीय सरकार, प्रदेश सरकार, सहकारी संस्था, वित्तीय संस्था तथा गैरसरकारी संघसंस्थासँग सहकार्य र साझेदारीलाई सुदृढ बनाइनेछ।
- व्यवसायिक पशुपालक कृषकलाई सहुलियतपूर्ण ऋण तथा वित्तीय सेवामा पहुँच विस्तार गर्न बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ ।
- "एक वडा, एक पशु सेवा प्राविधिक" अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै पशु स्वास्थ्य तथा प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याइनेछ।
- स्थानीय उत्पादन वृद्धि गरी "एक वडा, एक प्रमुख पशुजन्य उत्पादन" अवधारणालाई प्रवर्द्धन गरिनेछ तथा विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरिनेछ ।

- दूध, मासु, अण्डा लगायतका पशुजन्य पदार्थमा आत्मनिर्भर नगरपालिका निर्माणका लागि उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु स्वास्थ्य, पशु विकास, पशु आहारा, तालिम, उत्पादन तथा बजारीकरणका कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी कृषकको उत्पादन लागत न्यूनीकरण र आम्दानी वृद्धि गरिनेछ।
- स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्दै पशुजन्य वस्तुको मूल्य शृङ्खला विकास, ब्राण्डिङ तथा बजारीकरणमा विशेष जोड दिइनेछ।
- दिगो विकास लक्ष्य तथा कृषि क्षेत्रको रूपान्तरणलाई मध्यनजर गर्दै पशुपालन क्षेत्रलाई उत्पादनमुखी, वातावरणमैत्री, दिगो तथा आत्मनिर्भर आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गरिनेछ।

**<u>कानुन ईकाई तर्फ</u>**

- वडास्तरमा न्यायिक पहुच अभिवृद्धि गर्नको लागि न्यायिक सचेतना कार्यक्रमलाई निरन्तरता दिने।
- बढ्दो आत्माहत्या न्युनीकरणका लागि मनोसामाजिक परामर्श सेवालाई समुदाय र विद्यालय तहसम्म पुर्याउने
- लैङ्गिक हिंसा, घरेलु हिँसा तथा अधिकार सम्वन्धी उजुरी व्यवस्थापन सुदृढिकरण गरिनेछ
- पिडितमैत्री सेवा तथा परामर्श सहयोग ड्क्स स्थापना गरिनेछ
- न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि,मेलमिलाप केन्द्र सुदृढिकरण, कानूनी सचेतना अभियान सञ्चालन, महिला वालवालिका, जेष्ठनागरिक अपाङ्ग र दलित समुदायका लागि पिडितमैत्री तथा निशुल्क कानूनी सहायता कार्यक्रम विस्तार गरिनेछ ।

**<u>राजस्व परिचालन तर्फ</u>**

- आन्तरिक राजस्वका प्रमुख श्रोतहरुको सम्भाव्यता पहिल्याई समस्याको पहिचान गरी प्रभावकारी कार्यान्वयनको नीति अबलम्बन गरिनेछ।
- राजश्व सूधार कार्ययोजना तर्जुमा गरी नगरपालिकाको आन्तरिक राजश्व वृद्धिका लागि आवश्यक कार्यहरु गरिनेछ।
- समयमै कर तिर्ने करदातालाई प्रोत्साहन र पुरस्कृत गरिनेछ तथा कर तिर्न अटेरी गरिनेछ वा कर नतिर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।
- नियमित अनुगमन टोली परिचालन गरी करको दायरामा नआएका करदाता एवं व्यवसायीहरुको पहिचान गरी करको दायरा भित्र ल्याइने छ।
- करको दायरालाई बढाउदै "कर प्रणालीमा सुधार, नगरपालिका विकासको मुल आधार" भन्ने अवधारणा अनुसार अघि बढिनेछ।
- प्रगतिशिल कर प्रणालीलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।
- जनताको कर जनतालाई नै भन्ने सिद्धान्तलाई सार्थक बनाउन करदाता शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकामा तिर्नुपर्ने सम्पूर्ण करहरुलाई महालेखा नियन्त्रकको कार्यालयद्वारा विकसित सफ्टवेयर (SuTRA) मा आवद्ध गरी कर संकलन गरिनेछ ।
- घर बहाल कर असुलउपर गर्दा नगरबासीहरुको स्वघोषणाको आधारमा आर्थिक ऐनमा उल्लेख भएको दर अनुसार गरिनेछ।
- नदीजन्य पदार्थको प्रभावकारी उपयोग गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।
- करदाताहरुको कर सम्बन्धी जानकारी दिन कर शिक्षा अभियान सञ्चालन गरिनेछ।

**<u>महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ</u>**

**महिला तर्फ**

- महिला, बालबालिका जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको तथ्यांक अध्यावधिक गरिनेछ।
- नगरपालिकाबाट निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री, बालमैत्री तथा महिला मैत्री बनाईनेछ।
- घरेलु हिंसा, लैर्गिक हिंसा विरुद्धका अभियानहरु सञ्चालन गर्दै नगरपालिकालाई हिंसा मुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगरपालिका स्तरीय लैंगिक हिंसा निवारण कोषको परिचालन गरिनेछ।
- आर्थिक रुपले विपन्न महिला, हिंसा पिडित महिला, अपाङ्गता भएका ब्यक्तिहरुका लागि सिप मूलक तालिमहरु प्रदान गरि आत्म निर्भर गराईनेछ।
- दलित महिला, अपाङ्ग र द्वन्द्व पिडित महिलाहरुलाई उद्योग स्थापनामा सहुलियत सहित प्रोहोत्साहन गरिनेछ।
- हिंसा पिडित महिलाहरुका लागि अस्थाई संरक्षण गृहको ब्यवस्थापन गरिनेछ।
- विद्यालयमा किशोरीहरुलाई आत्मरक्षा तालिम सञ्चालन गरिनेछ।
- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण(GEDSI) परिक्षण कार्यलाई निरन्तरता दिईनेछ।

**बालबालिका तर्फ**

- विद्यालय, वडा, तथा पालिका स्तरीय बालक्लव गठन/पुर्नगठन, क्षमता अभिवृद्धि तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरी बालबालिकाको स्थानीय तहको नीति, योजना, बजेट तथा निर्णय निर्माण प्रक्रियामा अर्थपूर्ण सहभागिता गराईनेछ।
- बालमैत्री स्थानीय  शासन घोषणा कार्यक्रमलाई निरन्तरता दिदै बालमैत्री नीति, संरचना, सेवा प्रवाह तथा वातावरण निर्माणमा विशेष जोड दिईनेछ।
- बालबालिकामा वढ्दो सामाजिक सञ्जालको दुरुपयोग, साईवर जोखिम तथा कुलतको असर न्यूनिकरणका गर्न अभिभावक, शिक्षक तथा समुदाय स्तरीय सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बाल विवाह, बालश्रम, दुब्र्यवहार, वेचविखन तथा शोषण विरुद्ध शून्य सहनशिलताको नीति अवलम्वन गर्दै रोकथाम तथा संरक्षणका कार्यक्रम प्रभावकारी बनाईनेछ।
- लागुऔषध दुब्र्यसन तथा आत्महत्या न्यूनीकरण सम्वन्धी कार्यक्रमहरु विद्यालय स्तर, वडास्तरहरुमा सञ्चालन गरिनेछ।
- बालअधिकार संरक्षण तथा प्रवर्द्धन लागि विद्यालय, अभिभावक नागरिक समाज, सञ्चार माध्यम तथा सरोकारवाला निकायवीच समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ गरिनेछ।
- बालबालिका सम्बन्धी नीति, नियमहरुलई समय अनुकुल अध्यावधिक गरिनेछ।

**ज्येष्ठ नागरिक तर्फ**

- सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको घरदैलोमा पुर्याउने कार्यलाई निरत्तरता दिईनेछ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम र जेष्ठ नागरिक तिर्थयात्रा कार्यक्रमलाई निरन्तरता दिईनेछ। साथै जेष्ठ नागरिक दिवासेवा कार्यक्रमलाई विस्तार गरिनेछ।

- जेष्ठ नागरिकसँग भएका सिप ज्ञान र अनुभव यूवा पुस्तामा हस्तान्तरण गर्न जेष्ठ नागरिक यूवा संवाद कार्यक्रम सञ्चालन गरिनेछ।

**अपाङ्गता तर्फ**

- प्यूठान नगरपालिका भित्र रहेका ग वर्गका अपाङ्गता भएका ब्यक्तिहरुलाई प्रदान गरिदै आएको भत्तालाई निरन्तरता दिईनेछ।
- पूर्ण अशक्त अपाङ्गता भएका ब्यक्तिहरुलाई निजहरुको घरैमा पुगी परिचय पत्र प्रदान गरिनेछ  कार्यलाई निरन्तरता दिईनेछ।
- अपाङ्गता भएका ब्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसार सहायक सामाग्री सहयोग गरिनेछ।

**<u>आ.व.२०८३/०८४ का विपद तथा वातावरण सम्बन्धी प्रस्तावित नीतिहरु</u>**

**विपद**

- विपद स्थायी कोष स्थापना गरिनेछ।
- विपदबाट प्रभावितलाई सम्बन्धी प्रभावित  स्थल तथा सोहि दिन कार्याबाट आर्थिक, जिन्सी लगायत अन्य सेवा उपलब्ध गराइने छ।
- विपद व्यवस्थापन कार्यविधी २०७४ लाई समय सापक्षय परीमार्जन गरी सहज र प्रभावकारी बानाइनेछ।
- प्रत्यक वडालबाट विपद न्यूनीकरण तथा व्यबस्थापनका लागि विपद् व्यबस्थापन कार्यक्रम र बजेट अनिवार्य समावेश गरिनेछ।
- विपद तथा सरसफाईमा कार्य गरिनेछ  प्रत्यक कर्मचारीहरुको प्रिमियम अनिवार्य गरिनेछ  व्यवस्था मिलाइनेछ।
- प्रत्यक वडामा वार्षिक रुपमा २० जनाका दरले विपद न्यूनीकरण स्वयमसेवक परिचालन गरिनेछ।
- विपद सम्बन्धी सूचन तथा संयुक्तरुपमा अन्तरपालिका विपद न्यूनिकरण सम्बन्धी कार्यक्रमकालागि अन्तरपालिका विपद समन्वय समिति गठन गरिनेछ।
- विपद सम्बन्धी कुनै प्रकारको सहयोग उपलब्ध गराउदा नेपाल प्रहरीको मुचुल्का अनिवार्य गरिनेछ।
- यसै आ.व.मा विपद प्रतिकार्य योजना तयार गीनेछ।

सरसफाई तथा वातावरण तर्फः

- प्यूठान नगर सफा सहरको नारालाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- घरबाटै कुहिने र नकुहिने फोहोरको वर्गीकरण अनिवार्य रुपमा गरिनेछ।
- बर्गीकरण नगरिएको फोहोर संकलन गरिनेछैन। यदि वर्गीकरण नगरी फोहोर जथाभावी फालेमा प्रथम पटक रु १०००, दोस्रो पटक २००० र त्यसपश्चात रु ५००० जरिवाना गरिनेछ।
- कुहिने फोहोर र नकुहिने फोहोर व्यवस्थापनको लागि नगरपालिका बाट पायक पर्ने स्थानमा डस्टबिनको व्यवस्था अनिवार्य गरिनेछ।
- सिसा, बोतल तथा धारीलो बस्तु फोहोरमा राख्न पाईनेछैन, यदि राखिएको पाइएमा तत्काल रु २००० जरीवाना गरिनेछ।

- फोहोरलाई आन्तरीक आर्थीक श्रोतको रुपमा परिवर्तन गर्न आधुनीक प्रशोधन प्रविधीको अध्यन गरी सम्बन्धीत सरोकारवाला निकायहरु संग समन्वय तथा सहकार्य गरिनेछ।
- वातावरणमा प्रतिकूल असर गर्न नपाइने नीति अवलम्वन गरिनेछ।
- यसै आ.व.मा ४० Micron भन्दा कमका पलास्टिक रहित नगरपालिका घोषणा गर्न सबै प्रकारको तयारी गरिनेछ।
- नगरपालिका का प्रमुख बजार केन्द्रहरु र मुख्य-मुख्य सडकमा धुलो रहित सडक सञ्चालन गर्न पानी टंकिबाट पानी छर्किने कार्यक्रम सञ्चालन गरिनेछ।

**आ.व. २०८३/०८४ का सामाजि सुरक्षा तथा पञ्जिकरण शाखाको नीति तथा कार्यक्रमहरु:**

- नेपाल सरकारको प्रचलित नीति तथा कानुनी व्यवस्थाअनुसार व्यक्तिगत घटना दर्ताहरू अनलाइन प्रणालीमार्फत गरिनेछ कार्यलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरी वडा कार्यालयहरूमा सहजीकरण गर्दै घटना दर्ता सम्बन्धी कार्यलाई छिटो, छरितो तथा विश्वसनीय बनाइनेछ।
- "सबै नागरिकको घटना दर्ता, सबै योग्य नागरिकलाई सामाजिक सुरक्षा" भन्ने नारालाई सार्थक बनाउन व्यापक जनचेतनामूलक तथा सेवा पहुँच अभिवृद्धि गरिनेछ अभियान सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत सुनिश्चित गर्न नेपाल सरकारले प्रत्येक वर्ष वैशाख १ गतेदेखि ७ गतेसम्म सञ्चालन गरिनेछ "घटना दर्ता सप्ताह" लाई विद्यालय, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका तथा वडा कार्यालयसँग समन्वय गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- नेपाल सरकारको नीतिअनुसार व्यक्तिगत घटनाहरू ३५ दिनभित्र दर्ता गरिनेछ व्यवस्थालाई प्रभावकारी बनाउन, वडा कार्यालयमा सेवाग्राहीको चाप न्यूनीकरण गर्न बर्थिङ सेन्टरबाटै जन्म दर्ताका लागि आवश्यक अभिलेख उपलब्ध गराउने कार्यको प्रारम्भ गरिनेछ।
- घटना दर्ता सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री, सहज तथा प्रभावकारी बनाउन "अनलाइन घटना दर्ता निवेदन" प्रणाली सम्बन्धी अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा सचिव, जनप्रतिनिधि तथा सम्बन्धीत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी अभिमुखीकरण, तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, 'क' वर्गका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति तथा असहाय/अशक्त सामाजिक सुरक्षा भत्ता प्राप्त गरिनेछ लाभग्राहीहरूको नवीकरण कार्यलाई सहज, पहुँचयोग्य र प्रभावकारी बनाउन वडा कार्यालयको समन्वयमा घरदैलो सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, 'क' वर्गका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति तथा असहाय/अशक्त सामाजिक सुरक्षा भत्ता प्राप्त गरिनेछ लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाउन सम्बन्धीत बैंक तथा वडा कार्यालयसँगको समन्वयमा घरदैलो सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ताबाट कुनै पनि नागरिक वञ्चित नहोस् भन्ने उद्देश्यले "व्यक्तिगत घटना छुट्यो कि ?" अभियान सञ्चालन गरी जनचेतना अभिवृद्धि तथा घटना दर्ता प्रवर्द्धन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिनेछ योग्यता हुँदाहुँदै स्वेच्छिक रूपमा भत्ता नलिने भनी स्वघोषणा गरिनेछ लाभग्राहीहरूलाई प्रशंसापत्रसहित सम्मान गरिनेछ।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउन आवश्यक सूचना, प्रविधि तथा व्यवस्थापकीय सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

## सूचना प्रविधि तर्फका नीति तथा कार्यक्रम

- नगरपालिकामा सूचना केन्द्र स्थापना गरी सेवा प्रवाहलाई सूचनामैत्री बनाईनेछ ।
- नगरपालिकाका जरुरी दस्ताबेज तथा रिपोर्टहरु भण्डारणका लागि cloud based server सुचारु गरिनेछ ।
- कार्यालयको वेवसाइटमार्फत नगरपालिकाको नीति, नियम, कार्यक्रम र सम्पूर्ण आय-व्यय विवरणहरु सार्वजनिक गरिनेछ व्यवस्था मिलाईनेछ ।
- डिजिटल बोर्ड जडान गरी नगरपालिकाभित्रका पर्यटकीय तथा गौरबका योजनाहरुको भिडियो तयार गरी प्रचारप्रसार तथा प्रशारण गरिनेछ  व्यवस्था मिलाईनेछ ।
- नगरकार्यपालिका, वडा कार्यालयहरु र अन्र्तगतका प्रशासनिक ईकाइहरुमा सञ्जालीकरणका माध्यमबाट श्रव्य-दृष्य नागरिक वडापत्र, गुनासो व्यवस्थापन सूचना प्रणाली अन्य विभिन्न व्यवस्थापन तथा सूचना प्रणालीहरु, नगर पार्श्व चित्र, सिसी क्यामेरा, ईमेल, जनसंख्या गणना तथ्याङ्क, म्यासेजिङ समेत एकीकृत रुपमा सञ्चालन गरिनेछ ।
- नागरिकहरुलाई पालिकाको कोठा कोठा धाउने परिस्थितिको अन्त्यको लागि सूचना प्रविधि विभागसंगको समन्वयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याई सेवा प्रवाहलाई प्रविधिमैत्री बनाईनेछ ।
- सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाभित्रका महत्वपूर्ण स्थानहरुको GIS MAP तयार गरिनेछ ।
- वडा, स्वास्थ्य संस्था तथा सामुदायीक विधालयहरुमा ई-हाजिरीको RECORD नगरपालिका मा अभिलेख व्यवस्थापन गरिनेछ ।

**प्यूठान नगरपालिका आर्थिक विकास शाखा तर्फ प्रस्तावित नीति तथा**

- दलित जनजाति र विपन्न वर्गहरुको गरीवी न्यूनीकरणको लागि स्थानीय  उत्पादनमा वृद्धि गरी व्यवसायीकरण गर्न ध्यान दिइने छ ।
- स्थानीय उत्पादनलाई वढी भन्दा वढी प्राथमिकता दिइ प्रयोग गरिनेछ नीति अपनाउने छ ।
- स्थानीय उत्पादन संकलनको लागि आवश्यक्ता अनुसार संकलन केन्द्र व्यवस्था गरिनेछ ।
- स्थानीय उत्पादनको अवस्था अनुसार वाहिरी उत्पादनलाई विस्तारै कम गर्दै लैजाने कार्य गरिनेछ ।
- प्राइभेट व्यवासायीक फर्महरुको दर्ता नविकरण कार्यलाई अनिवार्य गराउन बजार अनुगमनलाई थप प्राथमिकता दिइने छ ।
- नगरपालिकासँग सहकारीहरुले सञ्चालन गरेका विभिन्न कर्यक्रममा थप समन्वय गरिनेछ ।
- सहकारीहरुको विनियम आवश्यक्ता अनुसार संशोधन/ पुर्नलेखन गर्न लगाइ थप सुधार गरिनेछ ।
- सेवाग्राहीहरुको आवश्यक्ताको पहिचान गरी प्राथमिकताको आधारमा सेवा दिइने  छ ।
- सामाजिक समावेशीकरणको नीति अपनाइ विकासको मूल प्रवाहमा आउन नसकेका वर्ग क्षेत्रहरुलाई पहिलो प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- उद्यमी व्यवसायीलाई स्थानीय उत्पादनमा सहयोग गर्नुका साथै बजारीकरणमा सहजीकरण गरिनेछ ।
- स्थानीय उत्पादनलाई थप प्रभावकारी बनाउन विभिन्न प्रकारका सिप/क्षमता विकास र मेशिन औजार लगायत प्रविधिको व्यवस्था गरिने  छ
- स्थानीय स्तरमा रोजगारको व्यवस्था हुने कार्यक्रम सञ्चालन गरी वढ्दो युवा वेरोजगारीको समस्यालाई घटाउने कार्य गरिनेछ ।

- स्थानीय उत्पादनको संकलन र मूल्यमा एक रुपता लिई बजारीकरणमा सुधार गरिनेछ ।
- अत्यावश्यक आवश्यकतालाई प्राथमिकता दिइ योजना कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।
- सेवा प्रवाहलाई सहज वनाउन ऐन नियम विधि प्रकृया अनुसार तोकिएको समयमा नै सेवा दिने र लिने कार्यलाई प्रभावकारी रुपमा अगाडि वढाइ वेरुजुको मात्रालाई कम गर्दै लगिने छ ।

**अन्त्यमा,**

प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्यूठान नगरपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य, संविधान प्रदत्त अधिकार, नगरवासीका आवश्यकता तथा उपलब्ध स्रोत–साधनलाई आधार मानी तर्जुमा गरिएको हो। यस नीति तथा कार्यक्रममार्फत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार निर्माण, सुशासन, वातावरण संरक्षण, कृषि आधुनिकीकरण, रोजगार प्रवर्द्धन तथा नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

यस नीति तथा कार्यक्रमलाई कार्यान्वयनको आधारका रूपमा लिई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ । नीति र बजेटबीचको तादात्म्यता कायम गर्दै उपलब्ध स्रोत र साधनको न्यायोचित, मितव्ययी तथा प्रभावकारी परिचालन गरिनेछ ।

प्यूठान नगरपालिकालाई समृद्ध, आत्मनिर्भर, व्यवस्थित, समावेशी तथा सुशासित स्थानीय सरकारका रूपमा विकास गरिनेछ  हाम्रो साझा संकल्प पुरा गर्न नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, सञ्चारकर्मी, विकास साझेदार संस्था तथा सम्पूर्ण नगरवासीहरूको निरन्तर सहयोग, सहकार्य, सुझाव र सहभागिताको अपेक्षा गरेको छु।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने, विकासको प्रतिफल सबै नागरिकसम्म पुग्ने तथा "समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार, सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार" भन्ने हाम्रो साझा लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, प्यूठान नगरपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन र समृद्ध भविष्य निर्माणको अभियानमा सम्पूर्ण नगरवासीहरूको साथ, सहयोग र अपनत्व प्राप्त हुने अपेक्षा गर्दै यो नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्दछु।

धन्यवाद।